नेपाल सरकार

# नेपाल पशु चिकित्सा परिषद्

प.स. ०७८/०७९

च.न. ९४१

मिति: २०७८।१०।२८

**विषयः नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ९ (ख) र (छ) बमोजिम स्वास्थ्य सेवामा रहेका चिकित्सक सरह पशु चिकित्सकलाई सरकारी सेवाको अधिकृत ८ औं तह वा सो सरहमा सेवा प्रवेश गराउने व्यवस्था कार्यन्वयन सम्वन्धमा।**

श्री प्रमुख/अध्यक्षज्यू
सबै महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/ गाउँपालिकाहरु

बागमति प्रदेश लोक सेवा आयोगको मिति २०७८ माघ १० को गोरखापत्र दैनिक पत्रिकामा पदपुर्ति सम्वन्धि सूचनामा बागमति प्रदेश मन्त्रालयहरु तथा स्थानिय तहका लागि पशु चिकित्सा विषयमा स्नातक तह उत्तिर्ण गरी नेपाल पशु चिकित्सा परिषद्ले सञ्चालन गरेको परीक्षामा सहभागी भई सफल भएको पशु चिकित्सकलाई छैटौं तहमा विज्ञापन गरेको सम्वन्धमा यस परिषद्का दर्तावाल पशु चिकित्सक डा. सुमित शर्मा (NVC Reg no: 1228) ले मिति २०७८ माघ २३ गते यस परिषदमा ध्यानाकर्षण विषयमा दिएको निवेदनमा *"पाँच वर्षे B.V.Sc.&A.H. डिग्री पढेर परिषद्बाट दर्तावाल पशु चिकित्सकहरु पशु स्वास्थ्य र एक स्वास्थ्यको महत्वपूर्ण अङ्ग हुदाहुदै छैटौं तहमा पदपुर्तिको लागि विज्ञापन गरिनु अन्यायपूर्ण तथा पेशागत अपमान भएकोले सो विषयलाई सच्याउन सम्वन्धित सबै निकायमा सुधारका लागि पठाइदिन अनुरोध छ"* भनि दिएको निवेदन माथि यस परिषद्को बैठकमा छलफल हुदा ***नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ९ (ख) र (छ) बमोजिम नेपाल सरकार, सबै प्रदेश र स्थानिय तहलाई नेपाल पशु चिकित्सा परिषद्मा दर्तावाल पशु चिकित्सकलाई ८औं तहमा सेवा प्रवेशको व्यवस्था कार्यन्वयनका लागि पेश गर्ने र ऐन, नियमावली तथा संगठन संरचनामा समेत सोहि व्यवस्था हुन*** उपयुक्त हुने परामर्श पठाउने परिषद्को निर्णयानुसार यो पत्र लेखिएको व्यहोरा अनुरोध छ। सो सम्वन्धमा तहाँ स्थानिय तहमा हुनु पर्ने कानूनि तथा प्रशासनिक संरचनाका लागि तपसिल बमोजिमका सुझाव तथा परामर्श कार्यन्वयनका लागि पेश गरिएको व्यहोरा समेत अनुरोध छ।

बागमती प्रदेश लोकसेवा आयोगले प्रकाशन गरेको पदपुर्ति सूचना माथि छलफल गर्दा उक्त मिति २०७८।१०।१० को सूचना नं. ०९८/०७८-७९ मार्फत कृषि तर्फ भेटेरीनरी सेवाको लागि बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरुका लागि पशु चिकित्सकलाई अधिकृत छैटौं तहबाट प्रवेश गराउने गरी विज्ञापन गरिएको देखियो र सो विषयमा नेपाल पशु चिकित्सा परिषद्को ध्यानकार्षण भएको छ। यस किसिमको असमान व्यवस्थालाई सच्याउदै चिकित्सकहरुलाई राज्यका सबै अंगले समानरुपमा हेरेको छ भन्ने अनुभूति सबैमा हुदा निजहरुले राष्ट्रका लागि गरिरहेको योगदानको उच्च कदर भैरहेको र आफू अपमानित भइ काम गर्नु पर्ने अवश्याको नरहेको भन्ने महसुस गराउनु राज्यको दायित्व पनि हुन आउछ। नेपाल विश्व पशु स्वास्थ्य संगठन (OIE) र विश्व स्वास्थ्य संगठन (WHO) को सदस्य राष्ट्र भएको र ति संगठनहरुले अगाल्ने गरेको एकस्वास्थ्य रणनीति अनुरुप पशु चिकित्सक र मानव चिकित्सकलाई राज्यले एकै कोणबाट हेर्नु पर्छ भन्ने विश्वव्यापी मान्यता रहेको छ। राज्यले यस किसिमको चिकित्सकहरु विच गर्ने बिभेदपूर्ण व्यवहारबाट पशु चिकित्सा क्षेत्रले पशु स्वास्थ्य र मानव स्वास्थ्य



नि. रजिष्ट्रार

भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर, पोष्ट बक्स नं.: २१६५५, काठमाण्डौ, नेपाल
फोन +९७७ १ ५३५९१४४/५३६१२१०, फ्याक्स : +९७७ १ ५३५९१४४, इमेल: info@vcn.gov.np, वेवसाइट : www.vcn.gov.np

क्षेत्रमा पूर्याइरहेको योगदानलाई समेत नजरअन्दाज गरी पशु चिकित्कको मर्यादा माथि नै गम्भिर ठेस पुगेको परिषद्ले महसुस गरेको छ। अब स्थानिय तहले पशु चिकित्सकका लागि माग गरिएको वा माग गरिने पदपुर्ति विज्ञापनहरु छैटौं तह नभै सोलाई सच्याउदै ८ औं बनाउने र त्यस स्थानिय तहले आगामि दिनमा तर्जुमा गर्ने निजामती/स्थानिय सेवा सम्बन्धी ऐन, नियम तथा संगठन सर्वेक्षणहरुमा देहायको व्यवस्था गर्न उपयुक्त हुने हुदा सो व्यवस्था कार्यन्वयनका लागि पेश गरिएको तथा परामर्श दिइएको व्यहोरा अनुरोध छ।

१. नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत भई सामान्य प्रशासन मन्त्रालयले प्रकाशन गरेको स्थानीय तह र प्रदेशका लागि स्वीकृत संगठानिक संरचनाहरुको दरबन्दी तेरिजमा कृषि सेवा, भेटेरिनरी र ला.पो.डे.डे. (लाइभस्टक प्रोडक्सन तथा डेरीडेभलपमेन्ट) समुहको दरबन्दी अधिकृत ७/८ औं तह भनि स्वीकृत भएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानून बमोजिम हुनेछ भन्ने प्रष्ट व्यवस्था गरिरहेको सन्दर्भमा संघीय सरकारले कृषि सेवा, भेटेरिनरी र ला.पो.डे.डे. (लाइभस्टक प्रोडक्सन तथा डेरीडेभलपमेन्ट) समुहमा अधिकृत ७/८ औं तह भनि स्वीकृत गर्दा गर्दै केहि स्थानिय तहहरु तथा प्रदेश लोकसेवाले अन्य चिकित्सकलाई ८ औं र पशु चिकित्सकलाई छैटौं तहबाट प्रवेश बिन्दु कायम गर्दा पशु चिकित्सकहरुलाई साह्रै बिभेदको महसुस र अन्याय भइ कानूनको उलंघन भएको अवस्था समेत देखिएकाले यस परिषद्को दर्ता परिक्षामा उतिर्ण भएका पशु चिकित्सकहरुलाई कम्तिमा ८ औं अधिकृत तहमा सेवा प्रवेश गरी स्वास्थ्य सेवामा कार्यरत चिकित्सक सरहको कानूनी तथा प्रशासनिक संरचना बनाउन उपयुक्त देखिन्छ।

२. निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५० र नेपाल कृषि सेवा (गठन समूह तथा श्रेणी बिभाजन र नियुक्ति) नियमहरु, २०५० ले कृषि सेवा तर्फ भेटेरिनरी र लाइभस्टक प्रोडक्सन एण्ड डेरि डेभलप्मेन्ट समूहको राजपत्राङ्कित तृतिय श्रेणीका पशु चिकित्सक र पशु विकास अधिकृत पदका लागि सेवा प्रवेश गर्न न्यूनतम योग्यता B.V.Sc.&A.H. वा सो सरहको स्नातक डिग्री हुनुपर्ने कानूनी प्रावधान रहेको छ। त्यस्तै नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ अनुसार स्वास्थ्य सेवाको चिकित्सकहरु (मेडिकल अधिकृत, डेन्टल सर्जन, आयुर्वेद तथा युनानी) चिकित्सा विषयमा स्नातक (MBBS, BDS, Ayurveda) गरेकालाई आठौं तहमा सेवा प्रवेश गराइने व्यवस्था रहेको छ। नेपालको प्रशासनिक पुन:संरचना मार्फत संघ, प्रदेश र स्थानिय तहका लागि मौजुदा निजामती सेवा ऐन, २०४९ लाई प्रतिस्थापन गर्न अब तर्जुमा गरिने ***स्थानिय सेवा*** ऐनमा सरकारी सेवाको कृषि सेवा अन्तर्गत ***पशु चिकित्सा विषयमा कम्तिमा स्नातक गरेका पशु चिकित्सकलाई पनि आठौं तहमा सेवा प्रवेश गर्ने व्यवस्था गर्न उपयुक्त*** हुने आधारहरु निम्नानुसार देखिन्छन्।

   क. प्रदेश र स्थानिय तहमा कर्मचारी प्रशासन तहगत प्रणालीमा रहेकोले एउटै कार्यगत प्राणालीमा रहने चिकित्सकहरु (मेडिकल, डेन्टल, आयुर्वेद, युनानि) आठौं तहमा तर पशु चिकित्साहरुलाई छैटौं वा सातौं तहमा सेवा प्रवेश गराइदा राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा रहेको चिकित्सकहरुको पेशागत मर्यादामा एकरुपता बनाउन जरुरी रहेको देखिन्छ।

   ख. चिकित्सा शास्त्र भित्र पर्ने होमियोपेथि चिकित्सा, आयुर्वेद चिकित्सा, एलोपेथिक चिकित्सा र पशु चिकित्सा मध्य सबै चिकित्सामा स्नातक तहका लागि आवश्यक योग्यता +२ साइन्स, अवधि कम्तिमा ५ वर्ष, सम्बन्धित परिषद्को नाम दर्ता परीक्षामा पास हुनु पर्ने कुराहरु समान रहेको र अन्तर्राष्ट्रिय अभ्यास पनि यस्तै रहेको छ। सबै चिकित्सकहरु नै भएकोले पशु चिकित्सकलाई मात्र छैटौं वा सातौं तहमा सरकारले अधिकृत स्तरमा सेवा प्रवेश गराउने व्यवस्था सामान्य प्राकृतिक न्यायको सिद्धान्त अनुरुप भएको देखिदैन।



नि. रजिष्ट्रार

भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर, पोष्ट बक्स नं.: २१६५५, काठमाण्डौ, नेपाल
फोन +९७७ १ ५३५९१४४/५३६१२१०, फ्याक्स : +९७७ १ ५३५९१४४, इमेल: info@vcn.gov.np, वेवसाइट : www.vcn.gov.np

ग. विभिन्न देशमा पनि पशु चिकित्सक लगाएत सबै चिकित्सकहरुलाई सरकारी सेवामा दिइने सेवा प्रवेश तह, सेवा सुविधा र सर्तहरुमा समानता रहेको देखिन्छ। भारतको उच्च अदालत, दिल्लीको सन २०१४ (WP© 2780/2011) को फैसलाले पनि पशु चिकित्सकहरुलाई अन्य चिकित्सक सरह समान ओहदा र तलबमान दिनु भनी आदेश गरेको देखिन्छ र सोहि अनुसार हाल भारतमा पनि एकै तह र तलबमानमा चिकित्सकहरुलाई सरकारले कानूनि र प्रशासनिक व्यवस्था गरिएको देखिन्छ।

घ. स्थानिय तहमा उत्पादन भएका पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरु एक जिल्लाबाट अर्को जिल्ला लैजानु परेमा, निर्यात गर्नु परेमा, सो स्थानिय तहामा उत्पादित बस्तुको गुणस्तर प्रमाणित गर्नु परेमा, पशुबधशाला तथा मासुजाँच ऐन, २०५५ को कार्यान्वय, स्थानिय तहमा हुने पशु महामारीको नियन्त्रण, पशुको गम्भिर किसिमका स्वास्थ्य उपचार, इत्यादि जस्ता कार्यहरु यस परिषद्को दर्तावाल पशु चिकित्सक बाहेक अरु कसैले गर्न नसक्ने व्यवस्था पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ मा गरिएको छ। प्रत्येक स्थानिय तहमा पशु चिकित्सकको व्यवस्था गर्न नसकिएको अवस्थामा स्थानिय पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार गर्न नसकिने र पशु स्वास्थ्य क्षेत्र कमजोर हुदा पशुको उत्पादन तथा उत्पादकत्वका साथै जनस्वास्थ्यमा समेत गम्भिर असर पर्ने देखिएकोले हाल स्थानिय तहमा सृजना गरिएको पशु चिकित्सक वा पशु विकास अधिकृतको दरबन्दी बढाउदै सो जनशक्तीलाई सेवा प्रवेश गराउदा अधिकृतस्तर ८ औं तहमा सेवा प्रवेशको कानूनी तथा प्रशासनिक व्यवस्था हुन अनिवार्य देखिन्छ।

डा. मनोज कुमार शाही
नि. रजिष्ट्रार

नि. रजिष्ट्रार

**बोधार्थः**

१. श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौं।
२. माननिय अध्यक्षज्यू, लोक सेवा आयोग, अनामनगर काठमाण्डौ।
३. श्रीमान् अध्यक्षज्यू, प्रदेश लोक सेवा आयोग, प्रदेश नं १/मधेस प्रदेश/ बागमति प्रदेश/ गण्डकी प्रदेश/ लुम्बिनी प्रदेश/ कर्णाली प्रदेश/ सुदुरपश्चिम प्रदेश।
४. श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
५. श्री कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
६. श्रीमान् महानिर्देशकज्यू, पशु सेवा बिभाग, हरिहरभवन ललितपुर।



भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर, पोष्ट बक्स नं.: २१६५५, काठमाण्डौ, नेपाल
फोन +९७७ १ ५३५९१४४/५३६१२१०, फ्याक्स : +९७७ १ ५३५९१४४, इमेल: info@vcn.gov.np, वेबसाइट : www.vcn.gov.np